सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २६० ♦ २०८३ साल जेष्ठ २१ बिहिवार ♦ 4 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## उखरमाउलो गर्मीले आकुलब्याकुल बन्दै तराई-मधेस

अजयकुमार साह

**जेष्ठ २० गते, बर्दिवास**



तराई-मधेशका अधिकांश स्थानमा एक सातादेखि तातो हावा तथा लू (हिट वेभ) चलिरहेको छ।

तराई-मधेशका अधिकांश भागमा केही दिनयता अधिकतम तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको छ। धेरै गर्मीका कारण खासगरी तराई-मधेशको जनजीवन प्रभावित छ। दिउँसो त घर बाहिर निस्किनै नसकिने अवस्था छ।

धनुषाको क्षीरेश्वरनाथ नगर पालिका ५ महेन्द्रनगरका एक किसान महिला रामपरी यादवले भन्नुहुन्छ , “खेतीपातीको काम त बिहान-बेलुका गर्छौं।हरेक वर्ष यो साल त साह्रै गर्मी भए जस्तो लाग्छ, तर त्यस्तो होइन होला।”

“पहिला पो घाम भयो, यसो शीतलमा बसौं भन्दा ठूल्ठूला रूख हुन्थे, अहिले त रूख पनि कहाँ पाउनु? बूढाले छाता ओड्नुभयो भने म सलको सप्को टाउकोमा हाल्छु, बूढाले टाउकामा फेटा बाँधे म छाता ओड्छु। यो घाम त वर्षौंदेखि छाता र सप्कोले छल्दै आएका छौं।”, रामपरीले भन्नुभयो ।

मिथिला नगरपालिका ६ ढल्केवरकी रमिला खड्काले भन्नुभयो, “घरबाट निस्किँदा घामबाट जोगिन सनब्लकको प्रयोग गरेकी थिएँ, पसिनाले सबै गयो। छाताले पनि घाम छेक्दैन। अहिले चर्को घाम छ। एकछिन घाममा बस्दा टाउको दुखेर मर्नु हुन्छ! घाम सहनुभन्दा अर्को विकल्प नै के हुन्छ र?”

महेन्द्रनगरका युवा सोनु मण्डल भन्नुहुन्छ, “जसरी जाडोमा चोक चोकमा दाउरा बाल्ने, नि:शुल्क चिया बाँड्ने गरिन्छ, त्यस्तै गर्मीमा पनि केही उपाय निकाल्नुपर्छ। गर्मीमा चोक चोकमा पानीको व्यवस्था गर्नुपर्छ। सडकमा पानी छर्कने व्यवस्था गर्न सके केही सहज हुन्थ्यो। स्थानीय सरकारले यसमा ध्यान दिनुपर्छ। अत्यधिक घामबाट बच्ने उपायबारे पनि नागरिकलाई जानकारी दिनुपर्छ।”

क्षीरेश्वरनाथ नगरपालिकामा अटोरिक्सा चलाउँदै आएका पुनित रामले घरतिर आम्दानीको स्रोत केही नभएपछि यहाँ आएर अटोरिक्शा चलाउने गरेको बताउँदै उहाँले भन्नुभयो, “आजभोलि त असाध्यै गर्मी छ, बिहान-बेलुका मात्रै अटो चलाउँछु। दिउँसो त कोही बाहिर निस्कँदैन। दिउँसो अटो चलाउन पनि सकिँदैन। बिहान-बेलुका अटो चलाउँदा पनि पसिनाले निथ्रुक्कै भइन्छ। घाम भयो भनेर घरमा बस्न पनि मिल्दैन, बिहान-बेलुकाको छाक टार्न पनि अटो चलाउनै पर्‍यो।”

बटेश्वर गाउँपालिका ५ शान्तिपुरका घुरन महतो भन्नुहुन्छ, “एकतले घर छ, दिउँसो त तातेर बस्नै नसकिने हुन्छ।सहनै सक्दिनँ, दिनभरि नलको चिसो पानीले नुहाइर हन्छु। गर्मीले परिवारका सदस्यका शरीरभरि घमौरा आएका छन्। मेरो पनि अलि अलि घमौरा आएको छ।”

अत्यधिक गर्मीले विगत केही दिनदेखि दैनिक ज्यालादारी गर्ने मजदुरहरूको जनजीवन कष्टकर बनेको छ।

जीविकोपार्जनको माध्यम दैनिक ज्यालादारी मात्रै हुने आफूहरूजस्ता मजदुरलाई उखरमाउलो गर्मीमा काम गर्न निकै कठिन भएको मिथिला नगर पालिका ३ का दुर्गा परियार बताउनुहुन्छ।

आफ्नै जग्गाजमिन नभएका कारण विगत १५ वर्षदेखि मजदुरी गर्दै आउनुभएको उहाँ पछिल्ला वर्षहरूमा सहनै नसकिने गरी गर्मी बढ्ने गरेको बताउनुहुन्छ। “बढ्दो गर्मीले होला मलाई एकदमै चक्कर आउलाजस्तो हुन्छ। तर यो काम नगरी सुखै छैन। मैले काम गर्नैपर्छ,” घर निर्माणको काममा खटिनु भएको काम गर्दै उहाँले भन्नुभयो । गर्मी बढ्दै गएको भए पनि उनी र अन्य महिला कामदारहरू काममा व्यस्त छन्।

गर्मी याममा दिन पनि लामो हुने भएकाले काम गर्न थप कठिन हुने दुर्गा र उनका साथीहरू बताउँछन्।

यसरी गर्मी बढ्दा काम गर्न समस्या भएर बिहानबेलुका छाक टार्न गाह्रो हुन थालेको मजदुरहरू बताउँछन्।

हरिहरपुरका जितेन्द्र महरा रिक्सा चालक हुन् । अहिले गर्मी बढ्दा यात्रु पाउन र चर्को घाममा रिक्सा चलाउन निकै कठिन भएको उहाँ बताउनुहुन्छ। “अहिले घाम अनि तातो हावाले बिरामी नै पार्लाजस्तो भएको छ। तर पेट पाल्न काम त गर्नपर्‍यो। मानिसहरू घरभित्रै बस्ने भएकाले आम्दानी पनि छैन,” उहाँले भन्नुभयो । “गर्मीले दुईछाक टार्न कठिन भएको छ तर जसरी पनि काम गरौँ भने चढ्ने मान्छे नै पाइँदैन।”

मानिसहरूको दैनिक जनजीवनमात्रै नभई अहिले तराईका धेरै क्षेत्रमा सरकारी कार्यालयका कामहरू गर्न जान पनि कठिन भएको सेवाग्राही बताउँछन्। सहरी क्षेत्रमा मानिसहरूको चहलपहल निकै कम देखिन्छ।

दिउँसोको समयमा घरबाहिर निस्किएर काम गर्न मुस्किल भइरहेको सर्वसाधारणहरूले बताएका छन्।

जनकपुरधाम कै चान्दनी

बाँकी पृष्ठ ३ मा

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# कृषि उद्यमबाट सहकारीमा जम्दै मधेसका महिला

खबर दर्पण समाचारदाता

**जेष्ठ २० गते, बर्दिवास**

आम रूपमा मधेसमा महिलाको गणना चुलोचौकाको काममा मात्र गनिन्छ भन्ने गुनासो सुनिन्छ। तर पछिल्ला समयमा मधेसका महिलाले सहकारीका माध्यमले कृषि क्षेत्रका कामबाटै आफूलाई सामाजिक र आर्थिक क्षेत्रमा सफल उद्यमीका रूपमा उभ्याएका छन् ।

महिला मात्र आबद्ध महिला सामाजिक उद्यमी सहकारी मधेसमा स्थापित मानिन्छन् । मधेसका महोत्तरी, धनुषा, सर्लाही, रौतहट, सिरहा र बारासहित छ जिल्लामा महिला सामाजिक उद्यमी सहकारीमा आबद्ध महिलाले पशुपालन, तरकारी खेती र कृषि उत्पादनकै बेचबिखन गरिने पसल संस्थागत रूपमा सञ्चालन गरेर सफल उद्यमीको परिचय बनाएका छन् । महिलालाई यो कार्यमा अन्तर्राष्ट्रिय सामाजिक संस्था हेफर इन्टरनेसनलले सहयोग र उत्प्रेरणा गर्दै आएको छ ।

महोत्तरीको बर्दिबास-१० र ११ को खयरमारा सेरोफेरोलाई कार्यक्षेत्र बनाएको ज्योति महिला सामाजिक उद्यमी सहकारी बर्दिबास-११ का अध्यक्ष चनावती श्रेष्ठ भन्छिन्, "अहिले हामीलाई काम भ्याइनभ्याइ छन् ।" यो सहकारीले दूधका लागि गाई/भैँसीपालन, बाख्रापालन, बङ्गुरपालन, उपभोक्ता पसल सञ्चालन गर्दै आएको छ । समूहले पशुपालनलाई प्रवर्द्धन गर्न जई, मेण्डोला, स्टाइलो, नेपियर र डालेघाँसको बीउ उत्पादन गर्दै आएको छ ।

"हामीले यो वर्ष एक हजार बढी खसी बेचिसकेका छौँ, तीन हजार भन्दा बढी खसी पालेका छौँ," ज्योति महिला सामाजिक उद्यमी सहकारीका सचिव सरस्वती विश्वकर्मा भन्छिन्, "खयरमारामा पर्ने दुवै वडाभित्र १० भन्दा बढी बस्ती छन्, सबै बस्तीका महिला अहिले सहकारीमा आबद्ध हुने क्रम बढ्दो छ ।" सुरुमा २५ महिलाले सुरु गरेका यो सहकारीमा अहिले एक हजार ३७८ सेयर सदस्य पुगेका छन्। सहकारीको कार्यसमितिको नियमित बैठक, साधारण सभालगायत गतिविधिमा सरिकता बढ्दै जाँदा अब यहाँका महिलाको विभिन्न क्षेत्रका स्थानीय विकासका सरोकारमा सहभागिता बढ्दै गएको बर्दिबास नगरपालिकाका उपप्रमुख तारादेवी महतो बताउँछिन् ।

यसैगरी, सर्लाहीको हरिपुर महिला सामाजिक उद्यमी सहकारी हरिपुरले दूध उत्पादनका लागि आफ्ना सदस्यलाई भैँसीपालनमा ऋण सहयोग गरेको छ । यो सहकारीले अहिले दूध सङ्कलन गर्न पाँच ठाउँ केन्द्र बनाएको छ । विसं २०६७ मा स्थापित यस सहकारीमा अहिले ८७४ सेयर सदस्य छन्। सहकारीको कुल कारोबार रु सात करोड नाघेको छ । सेयर सदस्यको बचत नै रु तीन करोड नौ लाख २८ हजार रहेको अध्यक्ष मञ्जु चौधरी थारु बताउँछिन् ।

"सहकारीमा दूधका लागि भैँसीपालन गर्ने र बाख्रापालन गर्ने सदस्यले मुख्य काम पाएका छन्," चौधरी भन्छिन्, "यसपालि भर्खर बकर इद पर्वमा दुई हजार ५०० खसी बेचेका छौँ।" सोअघि गत फागु पर्व र दसैँमा गरी तीन हजार खसी बेचिएको उनले बताइन्। यो सहकारीले आफ्ना सदस्यको घरमा हुने दूध किनेर विभिन्न परिकार बनाई बिक्री वितरण गर्ने गरेको छ। यसरी कृषि कार्यमा जुटेका महिलाको आर्जन निरन्तर बढ्दै गएको उनको भनाइ छ ।

यस्तै, सर्लाहीकै लालबन्दी-१६ न्यू उदय महिला सामाजिक उद्यमी सहकारीका १० भन्दा बढी सदस्यले दूध उत्पादनका लागि गाई, भैँसीपालनको कृषि फार्म नै सञ्चालन गरेका छन्। विसं २०७८ मा २५ जनाले सुरु गरेका यो सहकारीमा अहिले एक हजार ३० सेयर सदस्य पुगेका छन्। विदेशबाट फर्केका युवालाई कृषि कार्यमा जोड्न विशेष योजनासाथ लागिएको यस सहकारीकी व्यवस्थापक शर्मिला मोक्तान बताउँछिन् । यो सहकारीका सदस्यले पछिल्लो एक महिनाभित्र १ हजार २०० खसी बेचेको मोक्तानको भनाइ छ । यसैगरी, यो सहकारीले ८०० लिटरसम्म दूध सङ्कलन गरेर दूधजन्य परिकारको उद्योग सञ्चालन गरेको छ।

यस्तै रौतहटको गजुरा-३ का महिलाले आरम्भ महिला सामाजिक उद्यमी सहकारी सञ्चालन गरेका छन् । यो सहकारीले खसीपालन, मासु बिक्री वितरण र निगुरोको साग (मुन्टा) बिक्री वितरण गरेर प्रशस्त आर्जन गर्दैछन्। अहिले ३५४ महिला आबद्ध यो सहकारीले चालु आर्थिक वर्ष २०८२/८३ को हालसम्मको अवधिमा दुई हजार ५०० खसी बिक्री गरेको अध्यक्ष पुनम चौधरी थारुले बताइन् ।

महिलाको सहकारीमार्फत कृषि कार्यमा बढ्दो चासोमा घरका परिवारजनको राम्रो साथ सहयोग पाइने गरिएको उद्यमी महिलाको अनुभव छ। अवसर र सहयोग मिल्नसके महिलाले जस्तोसुकै काम पनि व्यवस्थित रूपले गर्न सक्छन् भन्ने मधेसका महिला सामाजिक उद्यमी सहकारीमा आबद्ध महिलाले चरितार्थ गरेका बर्दिबास-११ खयरमाराका सामाजिक अगुवा चन्द्रलाल गौतम बताउँछन् ।




हेफर इन्टरनेसनलले सहकारीमा आबद्ध महिलालाई व्यवसाय विस्तार र दिगोपनाका लागि आवश्यक साझेदारी र लगानीका अवसर खोज्न सहयोग समन्वय गर्दै आएको छ । हेफरको जनकपुरस्थित क्षेत्रीय कार्यालयले पूर्वी नेपालका १२ जिल्लाका महिला सामाजिक उद्यमी सहकारीलाई सहयोग समन्वय गर्दै आएको छ। यीमध्ये मधेसका छ जिल्ला छन्। अन्य जिल्लामा बागमती प्रदेशका चार र कोशी प्रदेशका दुई जिल्ला रहेका हेफर इन्टरनेसनल जनकपुर क्षेत्रीय कार्यालयका प्रमुख दीपेश पोखरेलले जानकारी दिए ।

मधेसका महिला सामाजिक उद्यमी सहकारीहरूको समीक्षा र मूल्याङ्कनसहितको मङ्गलबार बर्दिबासमा सम्पन्न योजना तथा लगानी सम्मेलनमा सहकारी प्रतिनिधिले हालसम्मको कामको समीक्षा गर्नसँगै भावी योजना पनि प्रस्तुत गरेका छन् । सम्मेलनको मुख्य ध्येय यी सहकारीहरूको व्यवसाय वृद्धि योजना तयार गर्ने, नवीन सोच र उद्यमशीलता विकास गर्ने र लगानीकर्तासम्म प्रभावकारी पहुँच बढाउने रहेको महिला सामाजिक उद्यमी सञ्जाल बागमती प्रदेश उपाध्यक्ष होमकुमारी ठकुरीले स्पष्ट पारिन् ।

हेफरको जनकपुर क्षेत्रीय कार्यालयको समन्वयमा रहेका १२ जिल्लाका महिला सामाजिक उद्यमी सहकारीमा ६२ हजार महिला आबद्ध छन् । यो सङ्ख्याभित्र मधेसका २० हजार बढी महिला आबद्ध रहेका क्षेत्रीय कार्यालय प्रमुख पोखरेलको भनाइ छ । यी सहकारीमा महिलाले देखाएका तत्परता र गरेका कामको उपलब्धि साँच्चै हौसला बढाउने तहको भएको हेफर क्षेत्रीय कार्यालय जनकपुरको मूल्याङ्कन छ । उद्यमी महिलाले घर, परिवार, समाज र यहाँका निकायबाट सकारात्मक सहयोग र समन्वय पाउन सके सहकारीका माध्यमबाट निकै उपलब्धि हासिल हुने सामाजिक आन्दोलनकी नेत्री बर्दिबास-३ का बासिन्दा सरस्वती चौधरीको प्रतिक्रिया छ ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजीको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०८२।१०।०८ मा दर्ता भएको व्हिस्क एण्ड स्लाइस रेष्टुरेन्ट प्राइभेट लिमिटेड (प्रा.ली.नं. ३८३४९०) नामको कम्पनीले दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्ने बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाविको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# घरमै पसेर दम्पतीमाथि आक्रमण,गोली लागेर दुवै घाइते



धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
**जेष्ठ २० गते, महोत्तरी**

महोत्तरीको सोनमा गाउँपालिका-३ खखनामा गएराति घरमै सुतेका एक दम्पतीमाथि गोली प्रहार गरी हत्या प्रयास गरिएको छ। अनुहार छोपेर आएका ७-८ जनाको अज्ञात समूहले मध्यरातमा घरमा प्रवेश गरी गोली प्रहार तथा कुटपिट गरेको प्रहरीले जनाएको छ।

जिल्लाको पिपरा गाउँपालिका-२ अतरार स्थायी घर भई हाल ससुराली घर सोनमा-३ खखनामा बस्दै आएका सोनमा गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत २८ वर्षीय रामईश्वर यादव र उनकी २२ वर्षीया श्रीमती किरणकुमारी यादव घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक (डीएसपी) पञ्चलाल गोलेका अनुसार घटनास्थलमा घर भित्रका सामान छरपस्ट अवस्थामा फेला परेका छन्। घरको दराज तथा विभिन्न बाकस फुटाइएको र तिलहरी, हनुमानीलगायतका गरगहना लुटिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको उनले बताए। घटनामा डाँकाको उद्देश्य देखिए पनि विस्तृत अनुसन्धानपछि थप तथ्य खुल्ने प्रहरीको भनाइ छ।

घाइते दम्पतीलाई राति नै रामगोपालपुर नगरपालिका-९ स्थित जानकी एकेडेमिक अस्पतालमा प्राथमिक उपचार गराई थप उपचारका लागि जनकपुरस्थित जानकी हेल्थ केयरमा पठाइएको थियो। उनीहरूको स्वास्थ्य अवस्था हाल स्थिर रहेको बताइएको छ।

पीडित रामईश्वर यादवले अज्ञात समूह घरभित्र प्रवेश गरी कुनै कुरा नगरी आफूलाई नियन्त्रणमा लिएर खुट्टा बाँधी कुटपिट गरेको र त्यसपछि गोली प्रहार गरेको बताए। आफूलाई बचाउन खोज्दा श्रीमतीमाथि पनि कुटपिट गरिएको र भाग्ने क्रममा उनको तिघ्रामा गोली लागेको उनले बताएका छन्।

प्रहरीले घटनामा संलग्न व्यक्तिको खोजी तथा थप अनुसन्धान भइरहेको जनाएको छ।

# अब सीमाबाट ५०० रुपैयाँसम्मको सामान ल्याउन सकिने !

खबर दर्पण समाचारदाता
**जेष्ठ २० गते, बर्दिवास**

सरकारले स्थलमार्गबाट आउँदा भन्सार नतिरी १०० रुपैयाँभन्दा धेरैको सामान भित्र्याउन नपाइने नियमको सीमा बढाएको छ। अर्थ मन्त्रालयले साविकमा १०० रुपैयाँसम्म रहेको सीमा बढाएर ५०० पुऱ्याएको हो।

राजपत्रमा प्रकाशित सूचनामा ५०० रुपैयाँसम्मका निजी प्रयोगका वस्तु साथै ल्याए वा लगेमा भन्सार प्रमुखले औचित्य हेरी महसुल नलिई छाड्न सक्ने उल्लेख छ।

सरकारले भारतबाट किनमेल गरेर नेपाल ल्याइने सामानमा भन्सार लाग्ने व्यवस्थाको कडाइका साथ कार्यान्वयन गरेपछि सीमावर्ती क्षेत्रका बसिन्दाले घरायसी सामानको खरिदमा केही सहुलियत दिनुपर्ने माग गरेका थिए।

स्थलमार्गबाट सीमा ओहरदोहर गर्ने व्यक्तिलाई भन्सार छुट नदिइने भनी अघिल्लो वर्षको जेठमा राजपत्रमा प्रकाशित व्यवस्था यस वर्ष कडाइका साथ कार्यान्वयन गरेपछि सीमा क्षेत्रमा तनावसमेत देखिएको थियो।

अघिल्लो वर्ष नै १०० रुपैयाँको सीमा तोकिएको भए पनि साना किनमेलमा व्यवहारतः भन्सार नलाग्ने अभ्यास थियो। नयाँ सरकारले कार्यन्वयनमा कडाइ गरेको हो।

तराई मधेशका बासिन्दा धेरैजसो दैनिक उपभोग्य वस्तु किन्न सीमा पारि जाने गरेका छन्। यस्तै कतिपयले सीमा पारि वैवाहिक सम्बन्धसमेत रहेकाले माइतीबाट ल्याएको उपहारमा पनि भन्सार तिर्नुपरेको गुनासो गरेका थिए।

# रास्वपा सभापति लामिछाने र भारतका प्रधानमन्त्री मोदीबिच भेटवार्ता

खबर दर्पण समाचारदाता
**जेष्ठ २० गते, बर्दिवास**



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्नुभएको छ।

भेटवार्तापछि भारतका प्रधानमन्त्री मोदीले सामाजिक सञ्जालमार्फत खुसी व्यक्त गर्नुभएको छ। भेटपछि भारतका प्रधानमन्त्री मोदीले लेख्नुभएको छ, 'राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग भेट्न पाउँदा खुसी लागेको छ। साझा र समृद्ध भविष्यका लागि मिलेर काम गर्ने उहाँको चाहनालाई हामी स्वागत गर्दै पूर्ण समर्थन गर्दछौँ।'

मोदीले नेपाल र भारतबीचको ऐतिहासिक एवं जनस्तरको सम्बन्धलाई थप सुदृढ बनाउन नयाँ सरकारसँग कूटनीतिक तथा आर्थिक क्षेत्रमा सहकार्यलाई तीव्र पारिने प्रतिबद्धता समेत व्यक्त गर्नुभएको छ।

# उखरमाउलो गर्मीले आकुलब्याकुल बन्दै..........

चौधरीले कामका लागि बजार निस्कनु परे बिहान र बेलुका कै समय पर्खिनुपर्ने बताउनुहुन्छ। "दिउँसो घर बाहिर निस्कँदा सिधै आगोले पोलेजस्तो हुन्छ। घरभित्र पनि भोल्टेज कम भएर होला, पंखाले राम्ररी हावा पनि दिँदैन।"

गर्मी बढिरहेकै बेला विद्युत् पनि छिनछिनमै आउने-जाने गरेकाले जनजीवन झन् कष्टकर बनेको छ। विद्युत् प्राधिकरण जनकपुर शाखाका अनुसार गर्मीमा विद्युतीय उपकरणको प्रयोग बढेकाले विद्युतलाई स्थिर राख्न सकिएको छैन। जनकपुर-९ का विमल मण्डलले भन्नुभयो "गर्मीले सीमा नाघिसकेको छ। भोल्टेज नहुँदा पंखा घिस्रीघिस्री घुम्छ," मण्डलले भन्नुभयो, "आपतका बेला बिजुली सेवा सुचारु हुनुपर्थ्यो।"

मौसम विज्ञान विभागले तातो हावा तथा लूबाट बच्न घरभित्र वा चिसो ठाउँमा रहन, घाममा हिंडडुल नगर्न, हलुका लुगा लगाउन, घर बाहिर निस्कँदा कपडा वा अरू कुराले टाउको छोप्न, पानी र झोल पदार्थ पर्याप्त पिउन सुझाव दिएको छ। तातो हावा तथा लूका कारण अत्यधिक थकान हुने, कमजोरी हुने, तिर्खा लाग्ने, बेहोश हुने, बान्ता हुने लगायत जोखिम निम्तन सक्छ।

जल तथा मौसम विज्ञान कार्यालय जनकपुर मौसमविद् राजिव झाका अनुसार भैरहवादेखि पूर्व सप्तरीसम्म तापक्रम ४० डिग्री सेल्सियस नाघेको छ।

मधेश प्रदेशका ८ वटै जिल्लाको सरदर तापक्रम ४० डिग्रीभन्दा माथि पुगेको छ। अपराह्न ४२ डिग्री सेल्सियससम्म पुग्ने तापक्रमले सहरी क्षेत्रमा चहलपहल पातलिएको छ। दिउँसोभरि सडक, बजार र सरकारी अड्डा सुनसान बनेको छ।

मनसुनी वर्षा शुरू नहुँदासम्म अत्यधिक गर्मी कायम रहने जोखिम रहेको विभागले जनाएको छ। सामान्तया नेपालमा मनसुन ८ जुनमा शुरु हुन्छ। तर यसपटक मनसुन सुरु हुन सकेको छैन।

मौसम विज्ञान विभागले जेठ १८ देखि असोज १३ सम्मको अवधिलाई मनसुनी समय मानेको छ। गत वर्ष एक साताअघि नेपालमा मनसुन भित्रिएको थियो। यस वर्ष समयमा नै मनसुनी वर्षा हुने सम्भावना कम देखिएको मौसमविद् झा बताउनुहुन्छ। 'अहिलेको प्रणाली हेर्दा मनसुनी वर्षा सुरु हुन्छ भन्ने अवस्था छैन,'

अहिले जेष्ठ महिना सकिन लाग्यो उखरमाउलो गर्मी छ। गर्मीको समयमा पानीको कमीका कारण एलर्जीको समस्या धेरैमा हुने गर्छ। शरीरमा पानी कमी भयो भने शरीरबाट विषाक्त पदार्थहरु बाहिर निस्कन पाउँदैंन। यसका अलावा शरीरका लागि जरुरी अक्सिजन पनि प्राप्त हुँदैंन। यसैले गर्मी होस् या चिसो, हरेक मौसममा पर्याप्त पानी पिउनु पर्ने डा. अविनाश मण्डलले जानकारी दिनुभयो।

डा. मण्डल भन्नुहुन्छ, "गर्मीमा शरीरको तापमान नियन्त्रित गर्न पसिनाबाट प्रशस्त पानी बाहिर निस्कन्छ। यसैले यो मौसममा पानी अझ बढी आवश्यक हुन्छ। पानीको कमीका कारण मिर्गौलाको समस्या निम्तने सम्भावना हुन्छ। सबैभन्दा बढी समस्याचाहिँ 'डिहाइड्रेशन' नै हो।"

प्रादेशिक अस्पताल जनकपुरका फिजिसियन डा. दिग्विजय ठाकुरले गर्मीबाट जोगिन पर्याप्त पानी पिउनुपर्ने सुझाव दिनुभयो। "हावा चलेकाले लु रोकिएको हो," उहाँले भन्नुभयो, "४० डिग्रीभन्दा माथिको तापक्रममा हावा तेज भए, लुको खतरा हुन्छ। त्यसपछि त बिरामीको चाप थेग्नै नसक्ने गरी बढ्छ।"

मधेस प्रदेश स्वास्थ्य निर्देशनालयका अवकास प्राप्त निर्देशक विजय झाका अनुसार पानीको कमीबाट शरीरमा बोसोको मात्रा बढ्ने, पाचन क्रिया कमजोर हुने, शरीरमा विषाक्तता बढ्ने, जोर्नी र मांसपेशीमा पीडा हुने आदि समस्या निम्तन्छन्। यतिमात्र नभई प्रतिदिन व्यायाम गर्ने मानिसको शरीरले पानीको खपत बढी गर्छ। यस्ता मानिसका लागि पानीको कमी हानिकारक हुन सक्छ। यस्तो अवस्थामा तिर्खा नलागे पनि समय-समयमा पानी पिउनुपर्छ। दिनको ८ गिलास पानी पिउने हो भने डिहाइड्रेशनको समस्याबाट सजिलै बँच्न सकिन्छ।

चिकित्सकहरुका अनुसार कतिपय मानिस पानीको साटो सफ्ट ड्रिंक, बियर, कफी, सोडा जस्ता पेयपदार्थ पिउँछन्। तर तरल पदार्थ भएपनि यी चिज स्वास्थ्यका दृष्टिले हानिकारक मानिन्छन्। यी चिज पिउँदा पनि डिहाइड्रेशन हुन सक्छ। डिहाइड्रेशनका कारण व्यक्तिको सोच्ने तथा चिजलाई सन्तुलिन गर्ने क्षमता र रक्तसन्चारआदिमा कमी आउन सक्छ। मदिरा पिउने व्यक्तिलाई पनि डिहाइड्रेशन हुन सक्छ।

# मटिहानीमा प्रजनन स्वास्थ्य रुग्णताको निःशुल्क स्क्रिनिङ तथा व्यवस्थापन शिविर



**खबर दर्पण समाचारदाता**

**जेष्ठ २० गते, बर्दिवास**

महिलाको प्रजनन स्वास्थ्य प्रवर्द्धन तथा स्त्रीरोगसम्बन्धी समस्याको समयमै पहिचान र उपचार गर्ने उद्देश्यले मटिहानी नगरपालिकाको आयोजनामा प्रजनन स्वास्थ्य रुग्णताको निःशुल्क स्क्रिनिङ तथा व्यवस्थापन शिविर सञ्चालन गरिएको छ।

मटिहानी नगरपालिका-६ स्थित स्वास्थ्य चौकी परिसरमा आयोजित कार्यक्रममा नगर प्रमुख हरिप्रसाद मण्डलले शिविर को उद्घाटन गर्नुभयो।

उद्घाटन कार्यक्रममा बोल्दै नगर प्रमुख मण्डलले महिलाको स्वास्थ्य सुधारका लागि यस्ता कार्यक्रम प्रभावकारी हुने बताउनुभयो। उहाँले प्रजनन स्वास्थ्यसम्बन्धी समस्याको प्रारम्भिक अवस्थामै पहिचान र उपचार हुन सके जटिल रोगबाट बच्न सकिने उल्लेख गर्दै नगर क्षेत्रका महिलाहरूलाई शिविर को लाभ लिन आग्रह गर्नुभयो। "महिलाको स्वास्थ्य नै परिवार र समाजको स्वास्थ्य हो," उहाँले भन्नुभयो, "यस शिविरमार्फत महिलाहरूले आफ्ना स्वास्थ्य समस्याबारे समयमै जानकारी प्राप्त गरी आवश्यक उपचार तथा परामर्श लिन सक्नेछन्, जसले उनीहरूको जीवनस्तर सुधार गर्न सहयोग पुर्‍याउनेछ।"

नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख पवनकुमार मण्डलका अनुसार दुई दिनसम्म सञ्चालन हुने शिविरमा विशेषज्ञ स्वास्थ्यकर्मीबाट विभिन्न प्रजनन तथा स्त्रीरोगसम्बन्धी रोगहरूको परीक्षण, उपचार र परामर्श सेवा प्रदान गरिनेछ।

शिविरमा पाठेघरको मुखको क्यान्सर (सर्भाइकल क्यान्सर) को पहिचान तथा उपचार, पाठेघर खस्ने (आङ खस्ने) समस्याको परीक्षण तथा उपचार, स्तन क्यान्सरको प्रारम्भिक परीक्षण, बाँझोपन तथा अब्स्ट्रेटिक फिस्टुलासम्बन्धी समस्याको पहिचान र उपचार सहित अन्य स्त्रीरोगसम्बन्धी सेवा उपलब्ध गराइने जनाइएको छ।

स्वास्थ्य शाखा प्रमुख मण्डलले लक्षित सबै महिलालाई शिविर मा सहभागी भई स्वास्थ्य परीक्षण गराउन आग्रह गर्दै यस्ता कार्यक्रमले स्वास्थ्य सचेतना अभिवृद्धि गर्नुका साथै रोगको प्रारम्भिक अवस्थामै उपचार सम्भव बनाउने बताउनुभयो।

शिविर सञ्चालनसँगै स्थानीय महिलाहरूमा उत्साह देखिएको छ। आर्थिक अभाव वा स्वास्थ्य सेवाको पहुँच नपुगेका महिलाहरूका लागि शिविर महत्वपूर्ण अवसर बनेको स्थानीयवासीले बताएका छन्। महिलाको स्वास्थ्य अधिकार सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा नागरिकको पहुँचमा पुर्‍याउने लक्ष्यसहित आगामी दिनमा पनि यस्ता जनस्वास्थ्यमुखी कार्यक्रमलाई निरन्तरता दिइने नगरपालिकाले जनाएको छ।

# जानकी मेडिकल कलेजका सञ्चालक ओमप्रसाद पाण्डे पक्राउ

**खबर दर्पण समाचारदाता**

**जेष्ठ २० गते, बर्दिवास**

राम जानकी हेल्थ फाउन्डेसनका सञ्चालक समिति अध्यक्ष ओमप्रसाद पाण्डेलाई कृत्रिम व्यवसाय (शेल कम्पनी) खडा गरी बैंकबाट लिएको कर्जा दुरुपयोग गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले उनलाई धनुषाबाट पक्राउ गरेको हो।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)का अनुसार महोत्तरीको बर्दिबास नगरपालिका-६ मा रहेको इन्स्टिच्युट अफ एग्रिकल्चर, फरेस्ट एन्ड भेटेरिनरी साइन्सेस प्रालि नामक शेल कम्पनी स्थापना गरी विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) बिना तथा धितोको अस्वाभाविक रूपमा बढी मूल्यांकन गरेर प्रभु बैंकबाट कर्जा लिएको आरोपमा पाण्डेलाई पक्राउ गरिएको हो। सीआईबीले पाण्डेले बैंकबाट जुन प्रयोजनका लागि कर्जा लिएको हो, त्यसलाई अन्यत्र प्रयोग गरी पटक-पटक कर्जाको दुरुपयोग गरेको जनाएको छ। उक्त कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसुर भएको प्रहरीले जनाएको छ।

काठमाडौं महानगरपालिका-९ रातोपुल निवासी पाण्डे राम जानकी हेल्थ फाउन्डेसनका सञ्चालक समिति अध्यक्ष तथा उक्त कम्पनीका एकल सञ्चालक हुन्।

उच्च अदालत पाटनबाट २०८२



मंसिर २८ गते पक्राउ पुर्जी जारी भएकामा सीआईबीको टोलीले उनलाई बुधबार उनलाई धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-१ रमदैयास्थित जानकी मेडिकल कलेज परिसर बाट पक्राउ गरेको हो।

पाण्डे जानकी मेडिकल कलेजका अध्यक्षसमेत हुन्। कलेजको वेबसाइटमा उल्लेख भए अनुसार, यो मेडिकल कलेजलाई जानकरी हेल्थ फाउन्डेसनले चलाउँदै आएको छ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गतको यो मेडिकल कलेज सन् २००३ मा स्थापना भएको थियो।

# अत्यधिक गर्मीका कारण वर्दिवासका विद्यालय दुई दिन बन्द

**खबर दर्पण समाचारदाता**

**जेष्ठ २० गते, बर्दिवास**

अत्यधिक गर्मीका कारण महोत्तरीको वर्दिवास नगर पालिकाभित्र सञ्चालित विद्यालयहरू आज र भोली (जेठ २१ र २२ गते) दुई दिनका लागि बन्द गरिएको छ।

वर्दिवास नगरपालिकाले जारी गरेको सूचनाअनुसार जेठ २१ र २२ गते सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयहरूमा पठनपाठन स्थगित गरिएको हो।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणी अधिकारी ले बढ्दो गर्मी र उच्च तापक्रमका कारण विद्यार्थीहरूको स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै उक्त निर्णय गरिएको जानकारी दिनुभयो।

पछिल्ला केही दिनयता तराई-मधेश क्षेत्रमा तापक्रम निरन्तर वृद्धि भइरहेको छ। चर्को घाम र अत्यधिक गर्मीका कारण विद्यार्थीहरूको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने भएकाले नगरपालिकाले दुई दिन विद्यालय बिदा दिने निर्णय गरेको जनाएको छ।

वर्दिवास नगरपालिकामा ५५ वटा सामुदायिक विद्यालय तथा संस्थागत र धार्मिक विद्यालय गरी ८० भन्दा बढी विद्यालय सञ्चालनमा रहेका छन्।

नगरपालिकाले विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी तथा अभिभावकलाई गर्मीबाट जोगिन आवश्यक सावधानी अपनाउन, पर्याप्त मात्रामा पानी पिउन तथा अनावश्यक रूपमा घाममा ननिस्कन आग्रह गरेको छ।

बढ्दो गर्मी र लूका कारण तराई-मधेसका जिल्लाहरुमा जनजीवन प्रभावित बन्दै गएको छ।

नगरपालिकाका अनुसार मौसमको अवस्थालाई ध्यानमा राख्दै आगामी दिनमा विद्यालय सञ्चालन सम्बन्धी निर्णय गरिनेछ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

➤ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➤ ICU, NICU, PICU सेवा
➤ X-Ray, USG, CT Scan सेवा
➤ Endoscopy/Diode Laser सेवा
➤ Laproscopy सेवा
➤ क्याबिनको समेत व्यवस्था भएको
➤ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➤ 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०७३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,